**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २२ नोभेम्बर २०२३

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मूले भारतलाई विकसित राष्ट्र बनाउन **राष्ट्र प्रथम** दृष्टिकोण अपनाउन सबै देशवासीलाई आह्वान गर्नुभयो।

२. मुख्यमन्त्री ममता ब्यानर्जीले सागसब्जीहरुको मूल्य वृद्धि र बिक्रेताको मनमानी विरुद्ध कडा चेतावनी दिनुभएको छ।

३. पश्चिम बङ्गालमा पुलिसको तल्लो तहमा व्यापक भ्रष्टाचार सम्बन्धी जानकारी पाएपछि मुख्यमन्त्री ममता ब्यानर्जीको निर्देशनमा अनुसन्धान सुरु गरिएको छ।

४. टिस्टा बाडी पीढीतहरूले अहिलेसम्म पनि सरकारबाट पाउनुपर्ने सहयोगहरू नपाएको भन्दै राजमार्ग १० अडाई घन्टा अवरोध गरेको छ।

५. जल तथा मौसम विज्ञान विभागका अनुसार आगामी केहि दिनमा पश्चिम बंगालमा मौसम बद्लिने सम्भावना रहेको छ ।

**राष्ट्रपति-हैदराबाद**

राष्ट्रपति द्रौपदी मुर्मूले भारतलाई विकसित राष्ट्र बनाउन **राष्ट्र प्रथम** दृष्टिकोण अपनाउन सबै देशवासीलाई आह्वान गर्नुभयो। हैदरावादमा आज लोक मन्थनको चौथो संस्करणलाई सम्बोधन गर्दै राष्ट्रपतिले सबै नागरिकले देशको सांस्कृतिक तथा बौद्धिक विरासतलाई बुझ्नुपर्ने र हाम्रो अमूल्य परम्परालाई बलियो बनाउनुपर्छ भन्नेमा जोड दिनुभयो। यसका साथै राष्ट्रपतिले विविधताले देशको एकतालाई सुन्दरताको इन्द्रेणीमा बुनेको र राष्ट्रिय एकताको भावनाले अनेकौँ चुनौतीहरुलाई पन्साएर देशलाई एकताबद्ध बनाएको बताउनुभयो। उहाले भन्नुभयो बर्षौंदेखि भारतीय समाजलाई विभाजित र कमजोर बनाउने प्रयास हुँदै आएको भए पनि कृत्रिम विभेदले प्राकृतिक एकतालाई तोड्न नसक्ने र भारतीयपनको भावनाले ओतप्रोत नागरिकले राष्ट्रिय एकताको मशाल जलाएको बताउनु भयो

****** ० *****

**सागसब्जी**

मुख्यमन्त्री ममता ब्यानर्जीले सागसब्जीहरुको मूल्य वृद्धि र बिक्रेताको मनमानी विरुद्ध कडा चेतावनी दिएपछि टास्क फोर्सले आज बिहान कोलकाताका विभिन्न बजारमा छापा मारेको छ। टास्क फोर्सका अधिकारीहरूले साल्ट लेक र अन्य प्रमुख बजारहरूमा सब्जी दोकानहरूको निरीक्षण गरे। मुख्यमन्त्रीको निर्देशनपछि बजारमा यस्तो कार्य भएपछि सर्वसाधारणले राहतको सास फेरेका छन। टास्क फोर्सका पदाधिकारीले कसैले अनावश्यक रुपमा सागसब्जीको मूल्य वृद्धि गरेमा पुलिसले कारवाही गर्ने चेतावनी दिएका छन्। हिजो नवनामा आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री ममता बेनर्जीले सागसब्जीहरुको बढ्दो मूल्यलाई लिएर कडा अडान लिनुभएको थियो भने उहाँले कार्यदलको सक्रियताका बाहेक दलालको प्रभाव बढ्दै गएकोमा असन्तुष्टि व्यक्त गर्नुभयो।

****** ० *****

**आलु**

आलुको दाममा लगातार वृद्धि भइरहेको छ। जसका कारण सर्वसाधारणहरूलाई मर्का परेको छ। यसैबीच आज सिलगढीका विधायक शंकर घोष पनि आलुको मूल्य बुझ्न सिलगढी विधान मार्केट पुग्नुभएको थियो भने घोषले बजारका विक्रेता र ग्राहकसँग

बातचीत पनि गर्नुभयो। बजारको अवलोकन गरेपछि उहाँले मुख्यमन्त्रीको आलोचना गर्दै मुख्यमन्त्रीको चेतावनीपछि बजारमा आलुको मूल्य घट्यो कि घटेन भनेर बुझ्न आएको बताउनु भयो। अर्कोतिर बजारमा भुटानको नयाँ आलुको मूल्य प्रतिकिलो ७० देखि ७५ रुपियाँ रहेको तथा धुपगुडीमा आलु प्रतिकिलो ३५ रुपियाँमा बिक्री भइरहेको बिक्रेताले बताएका छन।

****** ० *****

**उपचुनाव**

उपचुनावको परिणाम आएपछि तृणमूल कांग्रेसकी प्रमुख ममता बनर्जीले पार्टी कार्यसमितिको बैठक बोलाउने बताउनु भएको छ। यो बैठक आगामी सोमबार दिउँसो ४ बजे कालीघाटमा हुनेछ। यसमा ममता बनर्जी, अभिषेक बनर्जी, सुब्रत बक्सी र कार्य समितिका अन्य सदस्यहरू सामेल हुनेछन्। बैठकमा आगामी विधानसभा निर्वाचनका लागि संगठनात्मक परिवर्तन र रणनीतिबारे छलफल हुनेछ। पश्चिम बंगालको ६ वटा विधानसभा सीटका लागि भएको उपचुनावको परिणाम भोली सार्वजनिक हुनेछ। दुई दिनपछि सोमबार बस्ने बैठकमा पार्टीको भावी रणनीतिबारे छलफल हुनेछ। तृणमूल कांग्रेसका नेताका अनुसार उपचुनावको परिणामलाई आगामी विधानसभा चुनावको तयारीको आधारको रूपमा प्रयोग गरिनेछ।

****** ० *****

**पुलिस**

पश्चिम बङ्गालमा पुलिसको तल्लो तहमा व्यापक भ्रष्टाचार भैरहेको बताइएको छ। यसको ठोस जानकारी पाएपछि मुख्यमन्त्री ममता ब्यानर्जीको निर्देशनमा अनुसन्धान सुरु गरिएको छ। एक वरिष्ठ अधिकारी आज यसबारेमा जानकारी दिनुभयो। मुख्यमन्त्री ममता बेनर्जीले हिजो साँझ राज्य पुलिसका तल्लो तहका अधिकारी र कर्मचारीमा भ्रष्टाचार भएको स्वीकार गर्नुभएको थियो। मिडियासँग कुरा गर्दै उहाँले यस्तो भ्रष्टाचारले राज्यको छवि बिगार्ने बताउनु भयो। यसका साथै मुख्यमन्त्रीले राज्यमा भ्रष्टाचारविरुद्धको अभियानलाई मजबुत बनाउन सीआईडी र भ्रष्टाचार विरोधी शाखामा चाँडै नै ठूलो परिवर्तन गरिने समेत बताउनुभयो भने कुनै उजुरी परेपछि अनुसन्धान अधिकृतले तत्काल घटनाको छानबिन गरी आरोप सही देखिएमा कडा कारबाही गर्न निर्देशन दिनुभयो।

****** ० *****

**टिस्टा बाडी**

टिस्टा बाडी पीढीत सङ्घर्स समितिले आज राष्ट्रिय राजमार्ग १० अवरोध गरेको छ। टिस्टा बाडी पीढीतहरूले अहिलेसम्म पनि सरकारबाट पाउनुपर्ने सहयोगहरू नपाएको विरोधमा राजमार्ग १० अडाई घन्टा अवरोध गरेको बताईको छ। उक्त अवरोधलाई ध्यानमा राखेर कालेबुङबाट खण्ड विकास अधिकारी आएर समितिका पदाधिकारीहरूसङ्ग कुराकानी गरेपछि अवरोध हटाइएको थियो।

****** ० *****

**कुणाल-घोष**

तृणमूल कंग्रेसका राज्य महासचिव कुणाल घोषले आफ्नो बयानबाट नयाँ राजनीतिक विवाद सृजना गरेका छन्। उनले आगामी वर्ष 2026-को विधानसभा चुनाउपछि सरकार विरोधी नीति अप्नाउने पुलिसकर्मीहरूलाई सुन्दरबनमा बाघहरूको सुरक्षा गर्न पठाउने चेताउनी दिए। यस बयानलाई लिएर राजनीतिक जगतमा बहस तीव्र भएको छ। विपक्षी दलहरूले यसलाई धम्की अनि तृणमूलको तानाशाही मानसिकताको प्रतीक बताएका छन्।

****** ० *****

**मांग**

कालेबुङ संरक्षण मन्चले कालेबुङको टाउन हलको नाम वरिष्ठ साहित्यकार तथा कोलकता हाइ कोर्टका पुर्व न्यायधिश रामकृष्ण शर्माको नाममा राखिनु पर्ने मांग गर्दै जिल्लापाल मार्फत मुख्यमन्त्री समक्ष ज्ञापन पत्र बुझाएका छन। आज प्रतिनिधी टोलीले यसबारेमा कालेबुङ जिल्लापाल बलासुब्रमन्यम टि संग भेट गरेर यो विषय जानकारी गराएका छन भने जिल्लापालले आफ्नो पक्षबाट पहल गरिदिने आश्वासन दिएको टोलीले बताएको छ।

****** ० *****

**शहादत दिवस**

अर्ध सैनिक बल (सी आर पी एफ) ९२ एव ११३ बटालिनद्वारा आज लोवर किजोममा शहादत दिवस पालन गरियो। बटालियन अधिनस्तका आठ जना सहिद भएका जवानहरु स्मरण गर्दै उक्त शहदत दिवस सहिद कृष्ण बहादुरको निवासमा पालन गरेको बताइएको छ। कार्यक्रममा सी आर पी एफ साहायक कमान्डेन राजेन्द्र मोहन लगायत पदाधिकारीगण, स्थानीय भुतपुर्व सैनिक सगठनका प्रतिनिधिहरु सगै सर्वसाधारणको बिशेश उपस्थिति थियो। याद रहोस् २२ नोभेम्बर २००२ मा जम्मु कास्मिरको श्रीनगर कोटीबाग थाना क्षेत्रमा आतंककारीसगको गोलीबारीमा सहिद कृष्ण बहादुर सगै अन्य सातजना गम्भीर रूपमा घाइते भएका थिए भने उनीहरूले पछि बिरगती प्राप्त गरेका थिए।

****** ० *****

**मिरिक रोड रनर्स**

मिरिक रोड रनर्सका धावकहरु अरुणाचल प्रदेशको बसरमा आगामी ब्रुट 4.0 ट्रेल रन च्याम्पियनसिपमा भाग लिन अरुणाचल प्रदेश पुगेका छन। यो प्रतिष्ठित प्रतियोगिता भोलि हुनेछ । म्याराथन मेन अमर सुब्बाको नेतृत्वमा 8 धावकहरूको टोली अरुणाचल पुगेका हुन। टोलीका सबै सदस्यहरू अमर सुब्बा म्याराथन एकेडेमी अफ सिक्किम (AMAS) का धावक हुन्। यस ट्रेल रनलाई अन्तर्राष्ट्रिय ट्रेल रन संघ (ITRA) ले मान्यता दिएको छ। यो प्रतियोगिताले सहभागी धावकहरूलाई 2025 को वर्ल्ड ट्रेल रन च्याम्पियनसिपका लागि महत्वपूर्ण अंक प्रदान गर्नेछ, जसले गर्दा यो प्रतियोगिता धावकहरूको लागि ठूलो अवसर हो। यी धावकहरुमा अमर सुब्बा, शान्ति राई , निर्मल सिङ्गर, अनुदा तामाङ, बीर बहादुर राई ,शिव हाङ लिम्बु,रञ्जना सुब्बा तथा उनिशा तामाङ रहेका छन भने उनीहरूले विभिन्न वर्गमा प्रतिस्पर्धा गर्नेछ।

****** ० *****

**सिंगेल**

खरसाङ महकुमा अन्तर्गत टुंगो सन्त मेरिज समष्टिको सिंगेल चियाबारीमा पर्ने अत्यन्तै जीर्णावस्थामा रहेकोले रोडको मरमत्ति गरिने भएको छ। खरसाङको सन्त मेरिजमुनि रहेको राष्ट्रिय राजमार्ग 110 देखि सिंगेल चियाबारीको पानधुरेसम्म पुग्ने अत्यन्तै जीर्णावस्थामा रहेको रोडको मरमत्तिको लागि आज क्षेत्रीय सभासद नुरी शेर्पाको बाहुलीबाट पूजा अर्चना गरेर शिलान्यास गरिएको छ। उक्त शिलान्यास कार्यक्रम सिंगेल चियाबारीको कारखाना परिसरमा सम्पन्न भएको थियो। यस अवसरमा सन्त मेरिज ग्राम पञ्चायत दुईको पञ्चायत प्रधान सहदेव तामाङ,उप प्रधान प्रशंसा लेप्चा आदि लगायत समष्टिको जोनल सभापति बसन्त कुलुङ राई, समष्टि युवा शक्ति सचिव दिपेश तामाङ, पञ्चायत समिति सदस्य, पञ्चायत सदस्यहरु र भागोप्रमोको प्रतिनिधिहरु उपस्थित रहेका थिए।

****** ० *****

**पुलिसिंग कर्नर**

कालेबुङ जिल्ला पुलिस अधिक्षकको विशेष पहलमा आज सामुदायिक पुलिसिंग कर्नर र पुलिस संग्रहालयको उद्घाटन गरियो। कालेबुङ थाना परिसरमा रहेको खाली स्थानलाई सदुपयोग गर्दै उक्त कर्नर सुन्दर बिसौनी ठाउँको निर्माण गरिएको छ, जुन सामुदायिक पुलिसिंगलाई प्रवर्द्धन गर्ने उद्देश्यले विकसित गरिएको छ। कार्यक्रमका प्रमुख अतिथिका रूपमा दार्जीलिङ रेञ्जका डिआइजी जोयिता बोस र कालेबुङ जिल्लापाल बलासुब्रमणियन टी सगै अन्य उच्च पुलिस अधिकारीहरू, सरकारी प्रतिनिधिहरू, र स्थानीय व्यक्तिहरूको पनि उपस्थिति थियो। कार्यक्रममा डिआइजी जोयिता बोसले सामुदायिक पुलिसिंग कर्नरले पुलिस र समुदायबीचको सहकार्यलाई थप सुदृढ बनाउने बताउनु भयो भने यस्तो प्रयासले स्थानीय स्तरमा देखिने समस्या समाधानसँगै पुलिसको सकारात्मक छवि निर्माणमा टेवा पुग्ने धारणा व्यक्त गर्नुभयो।

****** ० *****

**मौसम**

पश्चिम बंगालमा मौसम बद्लिने सम्भावना रहेको छ। जल तथा मौसम विज्ञान विभागले आज जारी गरेको विज्ञप्तिमा सो जानकारी दिएको हो। कोलकातामा आगामी २४ घण्टामा आकाश सफा रहने, बिहान हल्का कुहिरो पर्ने सम्भावना रहेको बताइएको छ। यसका साथै अधिकतम तापक्रम २८ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १९ डिग्री सेल्सियसको आसपास रहनेछ।

****** ० *****